# अटो रिक्सा ७५ प्रतिशत अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया,२०७९

१. **विनियोजित रकमः** १२,००,०००।

२. **कार्यक्रमको उद्देश्यः** गाउँपालिका भित्रका मुख्य बजार र बस्तिहरुका बीचमा सहज आवागमन र व्यापारीकरणका लागि सहयोग पुर्याउने ।

३. **कार्यान्वयन प्रक्रियाः** सूचना आव्हान गर्ने, (प्रथम पटकः अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना आव्हान र तत पश्चात आवश्यकतानुसार क्रमशः दोस्रो पटकः १५ र तेस्रो पटकः ७ दिनको सूचना मार्फत अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तावना आव्हान गरी छनौट गर्ने)

४. **छनौट समितिः**

यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने लाभग्राही छनौट गर्न देहाय बमोजिमको एक छनौट समिति गठन गरिनेछः

क. गाउँपालिका अध्यक्ष -संयोजक

ख. गाउँपालिका उपाध्यक्ष -सदस्य

ग. अध्यक्षले तोकेका कार्यपालिका सदस्यहरु मध्य १ जना महिला सहित २ जना -सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ङ. आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

च. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य-सचिव

**५. छनौटका आधारहरुः**

| क.सं | आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | उद्यमशिलता र आचारण | २० | सम्बन्धित वडाको सिफारिसको आधारमा |
| २ | वैदेशिक रोजगारीको अवधि | १० | वैदेशिक रोजगारमा बिताएको प्रति वर्ष १ अंकका दरले अधिकतम १० अंक |
| ३ | कोभिड-१९ का कारण प्रभावित भएको | १० | कोभिड-१९ संक्रमण भइ उपचार गरेको प्रमाणका आधारमा |
| ४ | उमेर | १५ | १८ देखि ४० वर्ष सम्म १५ अंक र सो भन्दा माथि ५ अंक |
| ५ | शरीरिक अवस्था | १० | अपाङ्ग वा अशक्त भई अन्य पेशा व्यावसाय गर्न नसक्ने भएमा १० अंक |
| ६ | आर्थिक अवस्था | १५ | सम्बन्धित वडाको सिफारिसका |

| | | | |
|---|---|---|---|
| | | | आधारमा |
| ७ | लागत साझेदारी | १० | गाउँपालिकाले प्रदान गर्ने ७५% कुल अनुदानको २० प्रतिशत भन्दा बढी भएमा १० अंक र सो भन्दा न्यून भएमा ५ अंक |
| ८ | महिला, एकल महिला, दलित, आदिवासी जनजाती, लोपोन्मूख जाती | १० | सम्बन्धित निकायबाट प्रमाणित सिफारिसका आधारमा |
| | **जम्मा** | १०० | |

६. **बरेङ गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेः** यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने लाभग्राही बरेङ गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

७. **सञ्चालन हुने रुट र भाडादर निर्धारणः** यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने अटोरिक्सा सञ्चालन हुने रुट र भाडादर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **मर्मत सम्भार र अन्य लागतः** यस कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान बाहेक अटो रिक्साको नियमित मर्मत सम्भार लगायत अन्य कुनै पनि लागत गाउँपालिकाले व्यहोर्ने छैन ।

९. **अनुगमन गर्न सकिनेः** अनुदानमा सञ्चालित अटो रिक्सा नियमित रुपमा सञ्चालन भए नभएको, गाउँपालिकाबाट निर्धारित रुट र भाडा दरको पालना भए\नभएको सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयबाट अनुगमन गर्न सकिनेछ ।

१०. **चालक र चालक अनुमती पत्रः** यस अनुदान अन्तरगत सञ्चालन हुने अटो रिक्साको चालकको नागरिकताको प्रतिलिपि सहितको विवरण र सवारी चालक अनुमती पत्रको प्रतिलिपि अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

११. **प्राथमिकता दिइनेः** यस कार्यक्रम अन्तरगत महिला, एकल महिला, दलित, अपाङ्ग, आदिवासी जनजाति र आर्थिक\सामाजिक रुपले पिछडिएका नागरिकहरुलाई प्राथमिकता दिइनेछ ।

१२. **दण्ड सजायः** यस अनुदानबाट सञ्चालित अटो रिक्सा नियमित रुपमा तोकिएको रुट र भाडा दरको पालना गरी सञ्चालन गरिनु पर्दछ र बिक्री वितरण गर्न पाइने छैन अन्यथा प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गरिनेछ ।

१३. **सम्झौता गरिनेः** गाउँ कार्यपालिकाको कार्यालय र अनुदान प्राप्त गर्ने लाभग्राही बीच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

१४. **आवश्यक कागजातहरुः** सम्बन्धित वडाको सिफारिस, दफा ५ बमोजिमका आधारहरु खुल्ने कागजातहरु, प्रस्तावकको नागरिकताको प्रतिलिपि, प्रस्तावकको निवेदन, अटो रिक्सा सञ्चालन गाउँपालिकाले तोकेको नियम अनुसार सञ्चालन गर्ने प्रतिबद्धतापत्र ।

१५. **खरिद सम्बन्धि व्यवस्थाः** यस कार्यक्रम अन्तरगत प्रदान गरिने अटो रिक्सा खरिद सम्बन्धी कार्य प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

१६. **निर्देशिका बनाउन सक्नेः** गाउँपालिका भित्र सञ्चालन हुने अटो तथा इ-रिक्सा व्यवस्था गर्न छुट्टै निर्देशिका बनाइ लागु गरिनेछ ।

## अनुसूची-१

## अटो रिक्सा ७५% अनुदान कार्यक्रमको निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

बरेङ गाउँ कार्यपालिकाको कार्यालय, हुग्दिशिर, बागलुङ ।

विषयः अटो रिक्सा ७५ प्रतिशत अनुदान कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०७९ ...........महिना ..................गतेको ७५ प्रतिशत अनुदानमा अटो रिक्सा अनुदान कार्यक्रम अन्तरगत सहभागी हुन इच्छुक भइ यो निवेदन पेश गरेको छु । मेरो विवरण तपसिल बमोजिम रहेको छः

तपसिलः

नामः ठेगानाः

अटो सञ्चालन हुने रुटः मोबाइल नं-

साझेदारी गर्ने रकमः

अनुसूची-२

सम्झौताको ढाँचा

बरेङ गाउँ कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र बरेङ गाउँपालिका वडा नं .........को स्थायी बासिन्दा श्री ......................................................(यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही पहिलो पक्षबाट दोस्रो पक्षलाई अनुदानमा प्रदान गरिने अटो रिक्सा सञ्चालन गर्न मञ्जुर भई एक\एक प्रति लियौं\दियौं ।

तपसिलः

१. दोस्रो पक्षले गाउँपालिकाले निर्धारण गरेको अटो रिक्सा ७५ प्रतिशत अनुदान कार्यक्रम सञ्चालन प्रक्रियाको पूर्ण पालना गर्नु पर्नेछ ।
२. पहिलो पक्षले निर्धारण गरेको अटो रिक्सा सञ्चालन हुने रुट र भाडादरको पूर्ण परिपालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।
३. दोस्रो पक्षले चालकको विवरण र चालक अनुमति पत्र अनिवार्य रुपमा पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
४. अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी पहिलो पक्षले निर्माण गरेको कानुनी व्यवस्था पूर्ण रुपमा पालना गर्नु दोस्रो पक्षको हुनेछ ।
५. दोस्रो पक्षले यस कार्यक्रम सञ्चलन प्रक्रिया बमोजिम व्यहोर्नुपर्ने कुल लागतको न्यूनतम २५ प्रतिशत रकमका अलवा आफ्नो प्रस्तावनामा कबुल गरेको थप साझेदारी रकम समेत एकमुष्ठ रुपमा पहिलो पक्षलाई बुझाउनु पर्नेछ।
६. अनुदान बापत प्राप्त गरेको अटो रिक्साको नियमित मर्मत सम्भार गर्नु दोस्रो पक्षको जिम्मा हुनेछ ।
७. दोस्रो पक्षले गाउँ कार्यपालिकाको कार्यालयमा अटो रिक्सा दर्ता गर्नु पर्नेछ र गाउँपालिकाले तोकेको कर तिर्नु पर्नेछ ।
८. दोस्रो पक्षले पहिलो पक्षबाट गरिने अनुगमनका क्रममा आवश्यक सहयोग र सहजिकरण गर्नुपर्नेछ ।
९. यस सम्झौतामा उल्लेख भएका विषयहरु प्रचलित कानुन र आपसी समझादारी बमोजिम हुनेछ ।